# करैयामाई गाउँपालिका
Karaiyamai Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
करैया, बारा (Karaiya, Bara)
मधेश प्रदेश, नेपाल (Madesh Province, Nepal)
स्था.:२०७३ (Estd. 2073)

पत्र सख्या/Letter No:०८३/०८४ (सू.प्र.शा.)
चलानी नं./Ref. No.:: ६,३९

मिति/Date:. २०८३/०६/२१

## स्वच्छ चुलो कार्यक्रमको माँग संकलन फारम भर्ने सम्बन्धी सूचना ।

तराईमा खाना पकाउन प्रयोग भईरहको परम्परागत ऊर्जा (गुँईठा, दाउरा, कृषिजन्य अवशेष) तथा आयातित इन्धनहरु (एल.पि.जि., मट्टीतेल)को खपतलाई न्यूनिकरण गर्न आधुनिक तथा स्वच्छ चुलोको प्रवर्द्धन गर्ने लक्ष्य अनुरुप यस पालिका र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र बीच स्वच्छ चुलो कार्यक्रम कार्यान्वयन सम्वन्धी सम्झौता वमोजिम तह ३ को सुधारिएको चुलो (ICS Tier ३+) तथा विद्युतीय चुलो लिने इच्छुक उपभोक्ताहरुले सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आ-आफ्नो वडा कार्यालयमा गई स्वच्छ चुलोको लागि माँग फारम भर्न हुन सम्वन्धीत सवै सरोकारवालाहरुलाई सूचित गरिन्छ ।

न्यूनतम शर्तहरु :

क) तह ३ को सुधारिएको चुलो (ICS Tier ३+ ) को लागिः

- वैकल्पीक उर्जा प्रवर्द्धन केन्द्रवाट तोकिएको खरीद मुल्यको ५% उपभोक्ताले लागत सहभागिता व्यहोर्ने प्रतिवद्धता।

ख) विद्युतीय चुलोको लागिः

- वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रवाट तोकिएको खरिद मुल्यको २३% उपभोक्ताले लागत सहभागिता व्यहोर्ने प्रतिवद्धता ।
- कम्तीमा १५ एम्पियरको विद्युत मिटर जडान भएको वा १५ एम्पियरमा स्तर वृद्धि गर्ने प्रतिवद्धता

पुनश्च : माँग फारम संकलन भए पश्चात लाभग्राहीहरु छनौट गर्दा महिला घरमुली भएको परिवार, एकल महिला भएको घर/ परिवार, विधवा सदस्य भएको घर परिवार, आदिवासी वा सामाजिक रुपमा वञ्चित समूहमा पर्ने परिवार, अपाङ्गता व्यक्ति सदस्य भएको र आर्थिक रुपमा विपन्न परिवार तथा यस अघि पालिका तथा वडावाट बैकल्पिक उर्जा प्रविधि जडान नगरेको परिवारलाई प्राथमिकता दिई वडा समितिको निर्णयानुसार लाभग्राहीहरु छनौट गरिनेछ।

नोटः संकलन फारम सम्वन्धीत वडा कार्यालयमा उपलब्ध छ।

..............................
रमेश अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

रमेश अधिकारी
प्रमुख प्रशासकिय अधिकृत